# एलाइन्स इन्स्योरेन्स कम्पनी लिमिटेडको
## तेह्रौं तथा चौधौं वार्षिक साधारणसभा बस्नेसम्बन्धी
## सूचना

(प्रथम पटक प्रकाशित मितिः २०६६।१२।०५ नागरिक दैनिक)

आदरणीय शेयरधनी महानुभावहरु,

एलाइन्स इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको २२६ औं बैठकको निर्णय अनुसार यस कम्पनीको **तेह्रौं तथा चौधौं** वार्षिक साधारणसभा तल लेखिएका स्थान, मिति र समयमा देहायका विषय उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि अनुरोध गरिएको छ।

**सभा बस्ने स्थान, मिति र समयः**

स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाण्डौ।
मिति : २०६६ साल चैत्र २७ गते शुक्रबार (अप्रिल ९, २०१०)
समय : बिहान ११ बजे।

**छलफलका विषयहरु :**

१. कम्पनीको **तेह्रौं तथा चौधौं** वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट श्री अध्यक्षज्यूको वार्षिक प्रतिवेदन बारे।
२. आ.व.२०६५/०६६ का लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिकको अनुमोदन बारे।
३. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०६४/०६५ तथा २०६५/६६ को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण स्वीकृत गर्ने बारे।
४. आ.व. २०६६।६७ को लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने बारे।
५. कम्पनीको समूह “क” बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने पद ५ र सर्वसाधारण शेयरधनीहरूबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद ४ को निर्वाचन सम्पन्न गर्ने सम्बन्धमा।
६. कम्पनीका शेयरधनीहरूलाई संचालक समितिको निर्णय अनुसार मौजुदा पूंजीको १५ प्रतिशतका दरले प्रस्तावित बोनश शेयर पारित गर्ने बारे।
७. संचालक समितिको बैठक भत्ता वृद्धि गर्नेबारे।
८. विविध।

**साधारणसभा सम्वन्धी अन्य जानकारी तथा कम्पनीको वित्तिय बिवरणको लागी कम्पनीको वेभसाईट** www.allianceinsurance.com.np **मा हेर्नुहुन जानकारी गराईन्छ।**

संचालक समितिको आज्ञाले
युगेशभक्त बादे श्रेष्ठ
का.मु.प्रमूख कार्यकारी अधिकृत एवं कम्पनी सचिव